# ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७९

कार्यपालिकामा पारित मितिः २०७९/०३/२९

प्रमाणीकरण मितिः २०७९/०३/३०

ठोरी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

घ्याङ्गडाँडा, पर्सा

मधेश प्रदेश, नेपाल

CamScanner

# ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९

पृष्ठभूमिः

मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा उल्लेखनीय बृद्धि हुँदै आएको छ । कृषकहरुलाई स्थानीय उत्पादन बृद्धिमा अझ बढी हौसंला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरिकाले बिक्री वितरणको व्यवस्था मिलाउन बजार प्रणालीको बिकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ । कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज. (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो हाट बजारस ञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिकः

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्देशिका लागु हुने ठाँउः

(१) सरकारी तथा गैर सरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागितामा ठोरी गाँउपालिकको सबै वडाका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने हाट बजार स्थल ।

३. परिभाषा :

(क) "गाउँपालिका" भन्नाले ठोरी गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "निर्देशिका" भन्नाले हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नालेगाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "शाखा" भन्नाले गाउँपालिकाको कृषि तथा पशुविकास शाखा सम्झनु पर्दछ ।

# ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिकां, २०७९

पृष्ठभूमि:

मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा उल्लेखनीय बृद्धि हुँदै आएको छ । कृषकहरुलाई स्थानीय उत्पादन बृद्धिमा अझ बढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरिकाले बिक्री वितरणको व्यवस्था मिलाउन बजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ । कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज. (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो हाट बजारस ञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक:

१.संक्षिप्त नाम र प्रारम्भ:

(१) यो निर्देशिकाको नाम ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्देशिका लागु हुने ठाँउ:

(१) सरकारी तथा गैर सरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागितामा ठोरी गाँउपालिकको सबै वडाका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने हाट बजार स्थल ।

३. परिभाषा :

(क) "गाउँपालिका" भन्नाले ठोरी गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "निर्देशिका" भन्नाले हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नालेगाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "शाखा" भन्नाले गाउँपालिकाको कृषि तथा पशुविकास शाखा सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित "हाट बजार व्यवस्थापन तथा संरक्षक समिति" सम्झनु पर्दछ ।

(ज) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ।

(झ) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित तेलहन, दलहन, मसला बाली, फलफूल, तरकारी तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तुलाई सम्झनु पर्दछ।

(ञ) "पशु वस्तु" भन्नाले जिवीत पशुपंछी तथा पशुजन्य उत्पादन पदार्थलाई सम्झनु पर्दछ ।

(ट) "थोक कारोवार" भन्नाले पाँच किलो वा सो भन्दा वढी कृषि वस्तुको खरिद विक्रीको परिमाणलाई संम्झनु पर्दछ ।

(ठ) "पशु बजार" भन्नाले पशुजन्य उत्पादन पदार्थ बिक्री वितरण हुने उदेश्यले सञ्चालित स्थल सम्झनु पर्दछ। यसले पशु हाट बजार,पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउँदछ।

(ड) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ढ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ण) "सेवा शुल्क" भन्नाले हाट बजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाइ प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतका भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

(त) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ।

(द) "सम्झौता" भन्नाले स्थानिय सरकारको तर्फका प्रतिनिधि तथा सम्वन्धित बजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता वीच गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

## परिच्छेद -२

## समितिको गठन, काम कर्तव्य र अधिकार:

४. हाट बजार व्यवस्थापन तथा संरक्षक समितिको गठन:

(१) हाट बजार सञ्चालक समितिमा ९ सदस्य हुनेछ जुन सर्वसम्मत वा लोकतान्त्रिक निर्वाचन प्रणालीबाट निम्न वमोजिम छनौट हुनेछ :

| | |
|---|---|
| (क) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक तथा व्यापारी मध्येबाट अध्यक्ष | -१ जना |
| (ख) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषकहरुमध्येबाट सदस्य | -३ जना |
| (ग) हाट बजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषि उपज व्यापारीहरु मध्ये सदस्य | -२ जना |
| (घ) सम्वन्धित वडाको वडा समितिबाट सदस्य | -१ जना |
| (ङ) सम्वन्धित स्थानिय तहको कृषि/पशुसेवा शाखा प्रमुख सदस्य | -१ जना |
| (च) सम्वन्धित हाट बजार व्यवस्थापक सदस्य सचिव | -१ जना |
| जम्मा सदस्य संख्या | ९ जना |



CamScanner

तर कुनै संगठित संस्था, समूह तथा सहकारी संस्थाद्वारा हाट बजार सञ्चालन गर्न चाहेमा सञ्चालक समितिमा परिच्छेद-२ को दफा ४ को (१) क,ख,ग मा उक्त संस्थाको तर्फबाट इच्छुक तथा क्षमतावान र कृयाशील ६ जना प्रतिनिधी छनौट गर्न सकिने र निजी संस्था वा व्यक्ति मार्फत सञ्चालन हुने हाटबजारको हकमा बजार सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी निज स्वयंको हुनेछ र व्यवस्थापन तथा संरक्षक समितिको सदस्य संख्या निजि सञ्चालकले तोक्न सक्नेछ।

(२) उपदफा (१) को समितिको अध्यक्ष, कृषक प्रतिनिधी र व्यवसाय प्रतिनिधीको चयन सर्वसम्मति वा लोकतान्त्रिक प्रणालीबाट गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक (सदस्य सचिव) तथा कृषि/ पशुसेवा प्राविधिक प्रतिनिधि बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ ।

(४) सदस्यहरुको पदावधि २ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्ने छन्।

(५) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संध संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(६) एक पटक समिति वनि सकेपछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा व्यवस्थापक समितिको सिफारिसका आधारमा स्थानिय तहले थपघट गर्नेछ ।

५. सदस्यहरुको योग्यता : हाट बजार सञ्चालक समितिको सदस्य हुनको लागि देहाय वमोजिम योग्यता पुगेका व्यक्ति हुनु पर्दछ ।

(क) नेपाली नागरिक

(ख) २० वर्ष उमेर पुगेको

(ग) बजार स्थलको कार्य क्षेत्रभित्र वसोवास गरेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको

(ङ) मगज नविग्रेको

(छ) अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको ५ बर्ष पुरा भएको,

(ज) बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।

६. समितिको काम, कर्तव्य र अधिकार :

(१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पुरा गर्न कृषि बजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मक रूपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्ने छ ।



गाउँपालिका कार्यपालिकाको कार्यालय ... पर्सा, मधेश प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

(क) बजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुर्‍याउने ।

(ग) बजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको निमित्त बजार सुविधा उपलव्ध गराउने।

(ङ) बजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित व्यक्ति वा निकायबाट त्यस्तो सेवा शुल्क असुल गर्ने ।

(च) बजार सञ्चालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) बजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) बजार स्थलको मर्मत संभार तथा संरक्षण गर्ने ।

(झ) बजार सञ्चालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

७. समितिको वैठक र निर्णयः

(क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एक पटक अनिवार्य वस्नु पर्नेछ ।

(ख) समितिको कुल सदस्य संख्याको पचाँस प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निणर्यात्मक मत दिन सक्ने छ

(ङ) समितिको निणर्य अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिने छ ।

(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. उप - समितिको गठन गर्न सक्ने : समितिले आफ्नो कार्य सञ्चालनमा सघाउ पुर्‍याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. समितिको कोषः समितिको एउटा छुटै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः

गाउँपालिका कार्यपालिकाको कार्यालय ...डाँडा, पर्सा ... प्रदेश, नेपाल २०७५

लाल बहादुर ... अध्यक्ष

(क) सेवा शुल्क बापत प्राप्त रकम र

(ख) बिभिन्न व्यक्ति वा संघसंस्थाबाट प्राप्त रकम र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(२) समितिलाई प्राप्त हुने सबै रकम प्राप्त हुना साथै नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) समितिको कोषको सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

१०. कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था :

(१) कोषमा जम्मा भएको सेवा शुल्कबाट प्राप्त रकम मध्येबाट अधिकांश रकम बजार स्थल नियमित रुपमा सञ्चालन गर्न (कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा बजार स्थल निर्माण, सुधार, मर्मत संभार कार्यको लागि समितिले खर्च गर्न सक्ने छ । बजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एक मुष्ट रुपले जग्गा उपलब्ध गराए बापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येबाट समितिले दिन सक्ने छ ।

(२) बजार स्थलमा प्राप्त हुने आयबाट निम्न अनुसार बचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।बजारले कुल आयको ९० प्रतिशत रकम दैनिक बजार सञ्चालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे बापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारबाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि बचाई राख्ने ।

११. लेखा र लेखा परीक्षण:

(१) समितिको आय व्ययको लेखा सञ्चालक समितिले तोकेको ढाँचामा राखिने छ ।

(२) समितिको लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट गरिने छ

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ ।

१२. बजार व्यवस्थापकको नियुक्तिः
(१) दैनिक प्रशासकीय एवं बजार सञ्चालन, सूचना र तोकिएका अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्ने छ ।
(२) बजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ ।

१३. बजार व्यवस्थापकको काम कर्तव्य र अधिकारः बजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।
(ख) समितिको निणर्य कार्यान्वयन गर्ने गराउने,
(ग) बजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।
(घ) बजार विकाससँग सम्वन्धित विभिन्न निकायहरुसँग समन्वय राखी कार्य गर्ने ।
(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

१४. **समितिको कर्मचारीः** समितिको कार्य सञ्चालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आंशिक वा पुरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्ने छ ।

१५. **समितिको कार्यालयः** समितिको कार्यालय संभव भए सम्म बजार स्थल क्षेत्र भित्र रहने छ ।

१६. **कारोवार गर्ने कृषि वस्तुमा थपघट :** तोकिएका बजार भित्र कारोवार गरिने कृषि वस्तुको कारोवारमा थपघट गर्नु परेमा स्थानिय तहको सिफारीसमा समितिले थपघट गर्न सक्ने छ ।

१७. **अधिकार प्रत्यायोजन :** समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य - सचिव वा समितिको कुनै अन्य तौकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **प्रतिवेदन पेश गर्नु पर्ने :** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफुले गरेको काम, बजारमा क्रय विक्रय भएका वस्तुको विद्यमान मूल्य, खरिद विक्री परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि तथा पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

१९. **बजारको स्वामित्व :** यो समिति गठन पशचातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व स्थानिय सरकारमा रहने छ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा

आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन ।

२०. **सम्झौता पत्रको व्यवस्था र मान्यता** : बजार सञ्चालनको लागि समिति र स्थानिय सरकारको सम्वन्धित निकाय बीचमा सम्झौता अनुसूची-१ अनुसार हुनेछ । उक्त सम्झौता पत्रमा सम्वन्धित पक्षको अधिकार र कर्तव्य उल्लेख हुनेछ ।

## परिच्छेद - ३

## बजार सञ्चालन प्रक्रिया:

२१. **बजार सञ्चालन गर्न सक्ने** : (१) यस निर्देशिका बमोजिम तोकिएको शर्त तथा मापदण्ड पुरा गरी कुनै पनि निजी क्षेत्र वा सामुदायिक संस्था वा सहकारी संस्था वा कृषक समूहले गाउँपालिका क्षेत्रभित्र हाट बजार सञ्चालन गर्न सक्नेछ ।तर निजी संस्थाले सञ्चालन गर्ने हाटवजारको हकमा एक निजी संस्थाले गाउँको क्षेत्रभित्र एक भन्दा बढी हाटबजार सञ्चालन गर्न पाउने छैन ।

२२. **इजाजत पत्र दर्ता तथा नविकरण** :

(१) बजार सञ्चालन गर्न ईच्छुक संस्थाले गाउँपालिका क्षेत्रभित्र हाट बजार सञ्चालन गर्नको लागि गाउँपालिकाको कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(२) स्वीकृतिको लागि सञ्चालकले अनुसूची-६ बमोजिमका कागजात सहित गाउँपालिकाको सम्वन्धित वडा मार्फत कृषि/पशु विकास शाखामा निवेदन र सञ्चालन प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) प्रस्तावकले परिच्छेद-४ बमोजिम मापदण्ड तथा शर्तहरु पुरा गरेको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले हाट बजार सञ्चालन स्वीकृति दिन सक्ने छ ।

(४) प्रत्येक वर्ष हाटवजार सञ्चाल्क समितिले इजाजत पत्र नविकरण गर्नु पर्नेछ । नविकरण गर्दा समितिले अनुसूची-७ बमोजिमको ढाँचाँमा आवश्यक कागजातहरु सहितको निवेदन शाखामा पेश गरी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तथा कर वुझाउनु पर्नेछ ।

## परिच्छेद - ४

## बजार निर्माण मापदण्ड:

२३. **सञ्चालन स्थान र जग्गा** :

(१) बजार सञ्चालन गर्न ईच्छुक संस्थाले न्यूनतम ५ कठ्ठा जग्गा उपलब्ध गराउनु पर्नेछ तर गाउँपालिका तथा अन्य सरकारी/गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्नको लागि न्यूनतम



CamScanner

१० कट्ठा जग्गा उपलब्ध गराउनु पर्नेछ। बजार सञ्चालन गर्ने जग्गाको धनीपुर्जाको प्रतिलिपि वा बढीमा १० बर्ष अवधिका लागि जग्गा भाडामा लिने सम्बन्धी करारनामा पत्र उपलब्ध गराउनुपर्नेछ ।

(२) एक हाट बजार देखि अर्को हाज बजारबीचको दुरी कम्तिमा १ कि.मि. हुनु पर्नेछ।

(३) हाट बजार राजमार्गबाट कम्तीमा २०० मि. र मुख्य सडक (हुलाकी, रिंगरोड र लिंक रोड) भन्दा कम्तीमा १०० मि. दुरी टाडा अवस्थित हुनु पर्नेछ ।

(४) बजार विमान स्थल वा सामुदायिक वन वा मध्यवर्ती क्षेको आसपासमा सञ्चालन गर्नु पर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२४. भौतिक संरचना :

(१) हाट बजार तोकिएको मापदण्डको अधिनमा रही निर्माण गर्नु पर्नेछ। हाट बजार परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाईने छैन ।

(२) टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलाम/सिमेन्टको पिल्लर र सि.जि.आई. छाना लगाउनु पर्नेछ।

(३) हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रवन्ध हुनु पर्नेछ ।

(४) हाट बजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(५) हाट बजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विधुत तथा उज्यालेको लागि विजुली बत्तीको प्रबन्ध मिलाउनु पर्नेछ ।

(६) हाट बजारको संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नु पर्नेछ।

२४. फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण :

(१) हाट बजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण समितिले गर्नु पर्नेछ ।

(२) हाट बजार सञ्चालनका क्रममा निस्किने कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको लागि १० स्टल बराबर ४० लि. क्षमता भएको ढक्कन सहितको अलग अलग बिनको व्यवस्था गर्नु पर्नेछ ।

(३) हाट बजार क्षेत्रभित्र होहल्ला र प्रदुषण (ध्वनी, वायु, माटो, जल आदी) गराउन पाईने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस वा राख्न पाईने छैन।

(४) हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ ।

२५. वस्तु तथा सामग्रीहरुको व्यवस्थापन :

(१) हाट बजारमा बिक्री वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुँडा, ठेला प्रयोग गरी राखिने वस्तुहरु (फलफुल, खाजा, पक्वान आदी) छुट्टाछुट्टै वा एकै प्रकारको

व्यवसायलाई एकै लहरमा व्यवस्थापन गर्नु पर्नेछ। ठेला प्रयोग गरी राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टल प्रयोग गर्नु पर्नेछ।

(२) माछा मासु विक्री वितरणको लागि बजारको पछाडिको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नु पर्नेछ। यस प्रकारको उपज विक्रीका लागि पक्की भुइ ढलान गरिएको,सफा गर्न पानीको प्रबन्ध सहित निकासको व्यवस्था भएको हुनु पर्नेछ ।

(३) विक्री वितरणको लागि राखिने कृषि बीउविजन बिरुवाको हकमा नेपाल सरकारले पञ्जीकृत गरेको हुनु पर्नेछ।

स्पष्टीकरण : माछा मासु लगायत पकाएका सामग्रीहरु बजारमा राख्न निरुत्साहित गरिनेछ। बजार क्षेत्र भित्र मदिरा, सुर्तिजन्य पदार्थ अखाद्य वस्तुको प्रयोग, बिषादी, विक्री वितरण तथा सेवनमा पूणर्रुपमा निषेध गर्नु पर्नेछ ।

२६. विक्री बस्तु तथा सामग्रीको अनुपात :

(१) हाट बजारको स्टल अनुपात कृषिजन्य र स्थानिय उत्पादन ८० प्रतिशत तथा अन्य तयारी सामग्रीको अनुपात २० प्रतिशतको हुनु पर्नेछ ।

(२) उत्पादकद्वारा नै विक्री गर्ने कृषि उपज लगायतका अन्य सामग्रीलाई विशेष प्राथमिकता दिनु पर्नेछ। कुल स्टल संख्याको कम्तिमा १० प्रतिशत स्टल यस्ता उत्पादकहरुका लागि आरक्षित गर्नु पर्नेछ ।

(३) हाट बजारमा असल अभ्यास वा आई.पि.एम. वा प्रांगारिक कृषि उपजको लागि अनिवार्य रुपमा न्यूनतम ३ वटा स्टल निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

२७. समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाह :

(१) हाट बजार प्रवेशको स्थानमा हाटबजारको नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्बर प्रष्ट देखिने गरी राख्नु पर्नेछ।

(२) हाट बजार स्थलमा समितिको कार्यालय कक्ष र हाट बजार सञ्चालन सम्बन्धी सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नु पर्नेछ ।

(३) हाट बजार सञ्चालन हुने प्रत्येक दिन हाट बजारमा विक्रीमा राखिने प्रत्येक कृषिजन्य उत्पादनको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्य सूची सूचना पार्टीमा राख्नु पर्नेछ ।

## परिच्छेद - ५

## कर तथा शुल्क सम्बन्धी व्यवस्था:

२८. इजाजत पत्र दर्ता तथा नविकरण शुल्क: (१) बजार सञ्चालन इजाजत पत्र दर्ता गर्दा रु ५,०००/- (पाँच हजार) मात्र र नविकरण शुल्क रु. २५००/- (दुई हजार पाँच सय) मात्र लाग्नेछ । हरेक १ बर्षमा नविकरण गर्नु पर्नेछ। म्याद समाप्त भएको मितिले ३० दिन भित्र नविकरण गरेमा रु. ३०००/- नविकरण शुल्क लाग्नेछ । म्याद समाप्त भएको मितिले ३०

दिन पछि १ बर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क बापत रु. ३०००/- (तीन हजार) र जरिवाना बापत रु. १०००/- (एक हजार) लाग्नेछ ।म्याद समाप्त भएको १ बर्ष पछि प्रति बर्ष रु. १०००/- जरिवाना लाग्नेछ ।

२९. बहाल बिटौरी शुल्क : (१) निजी जग्गा भाडामा लिई सञ्चालन गर्नेको हकमा बहाल कर तथा सार्वजनिक वा ऐलानी जग्गाको हकमा आर्थिक ऐनमा तोकिए बमोजिम बहाल बिटौरी कर समितिले मासिक रुपमा गाउँपालिकामा दाखिला गर्नु पर्नेछ।

३०. स्टल बहाल प्रक्रिया : (१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान, बिक्री गर्ने वस्तु तथा सामग्री, बिक्रीकर्ता (उत्पादक स्वयं वा व्यापारी) आदिको आधारमा भाडादर निर्धारण गर्न सक्नेछ । यसरी स्टल भाडामा लगाउदा समितिले प्रत्येक बिक्रीकर्तासँग अलग अलग सम्झौता गर्नु पर्नेछ ।

स्पष्टिकरण : बहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने गरि मुल्य निर्धारण गर्नु पर्नेछ ।

३१. बहाल कर : (१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर मासिक रुपमा समितिले गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद - ६

## विविधः

३२. बजार अनुगमन : (१) गाउँपालिकामा हाट बजार अनुगमन तथा नियमनको कार्य गाउँपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष, राजश्व शाखाको प्रमुख र अनुगमन कार्य सहजताको लागि आवश्यकता अनुसार स्थानिय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

३३. हाल सञ्चालनमा रहेका हाट बजार सम्बन्धमा :

(१) अनुमति प्रक्रिया बाहिर रहेका र हाल सञ्चालनमा आइरहेका सबै हाट बजारहरुले निर्देशिका लागु भएको ३ महिनाभित्र मापदण्ड पुरा गरी अनुमती लिई सक्नु पर्नेछ । तीन महिनाको समय अपुग भई समितिबाट अनुरोध भई आएमा स्थानिय तहले एक पटक मात्रको लागि बढीमा १ महिनाको अवधि थप गर्न सक्नेछ।

(२) सो अवधिभित्र तोकिएको मापदण्ड पुरा गरी अनुमती प्रक्रियामा नआएका हाट बजार सञ्चालन गर्न गाउँपालिकाले रोक लगाउनेछ ।

३४. बजार खारेजी : हाट बजार सञ्चालक समितिको नाममा रहेको सम्पत्ति र दायित्व फरफराक गरी हाट बजार सञ्चालन खारेजी गर्न सक्नेछ ।

३५.बाधा अड्काउ फुकाउ : यस निर्देशिका कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

गाउँपालिका गाउँपालिकाको कार्यालय ...डाँडा, पर्सा ... प्रदेश, नेपाल २०७४

लाल बहादुर श्रेष्ठ अध्यक्ष

## अनुसूची -१

हाट बजार स्थल................................................ को व्यवस्थापन तथा सञ्चालनको लागि श्री.................................... हाट बजार व्यस्थापन समिति र ठोरी गाउँपालिका बीच भएको

**"संझौता-पत्र"**

**प्रस्तावना :**

खुल्ला तथा बजार मुखी अर्थतन्त्र र मुलुकमा कृषि पेशाको संलग्नताबाट हुने आय बढाउन तथा व्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखि मुलुकका विभिन्न महत्वपुर्ण क्षेत्रमा फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा र जिउँदो पशुपंछीजस्ता वस्तुको बजार संरचनामा सुधार गर्ने प्रयास भएको छ। यस्ता बजार सञ्चालन तथा व्यवस्थापन स्थानिय निकाय र जनताको सहभागिताबाट मात्र गर्न सकेमा खुल्ला तथा बजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ । यस प्रकृयामा स्थानीय निकायको अहं भूमिका रहन्छ। यसलाई मद्दत पुऱ्याउन ठोरी गाउँपालिका तथा यसै साथ संलग्न **"हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९"** बमोजिम गठित श्री ..................................हाट बजार सञ्चालक समिति बीच यो सझौता-पत्र गरिएको छ । यो सझौता -पत्रमा उल्लेखित तपसीलका सबै बुँदाहरु तथा शर्तहरु हामी दुबै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिने छ ।

१. "हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९" अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ ।

२. समितिको गठन तथा कार्यान्वयन: (१) निर्देशिका बमोजिम मिति ...................... गते गठित तपसील अनुसारको श्री........................................ हाट बजार सञ्चालन समितिको सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल बदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिनेछ ।

**सञ्चालक समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली**

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| कुल जम्मा ९ जना | | | |

श्री गाउँपालिका गाउँपालिकाको कार्यालय ... पर्सा ... प्रदेश, नेपाल २०७४

लाल बहादुर ... अध्यक्ष

३. **भौतिक संरचना:** समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृती गाउँपालिकाबाट लिनु पर्नेछ ।

४. **समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण:** समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पत्ति, सामाग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ ।

५. **सम्झौता भंग गरी उपयोग गर्ने गाउँपालिकाको विशेष अधिकार:** यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भए तापनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि बजारको व्यवस्था र सञ्चालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्ने छ ।

६. **समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना:** समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसूची-२, समितिले प्रयोग गर्ने प्याड्को नमूना अनुसूची-३ समितिले प्रयोग गर्ने साइनवोर्डको नमूना अनुसूची ४ र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पत्ति/सामाग्रीहरुको विवरण अनुसूची ५ वमोजिम हुनेछ।

७. **शुल्क सम्बन्धमा:** ठोरी गाउँपालिका हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७९ बमोजिम सञ्चालित ठोरी हाट पशु हाट बजार व्यवस्थापन शुल्क ठोरी गाउँपालिका गाउँ कार्यपालिकाले निर्धारण भए बमोजिमको दर रेट अनुसार २०% (वीस प्रतिशत) शुल्क समितिले गाउँपालिकालाई वुझाउनु पर्नेछ।

८. हस्ताक्षर कर्ता :

हस्ताक्षर :- .....................
नाम :-
हाट बजार सञ्चालक समिति अध्यक्ष
साक्षी:
हस्ताक्षर:........................
नाम :-
समितिको तर्फबाट बजार व्यवस्थापक/सदस्य सचिव

हस्ताक्षर :- ......................
नाम :-
पद:-प्रमुख प्रशासकीय अधिकृत
साक्षी:
हस्ताक्षर:.........................
नाम:-
पद:-

सम्झौता सम्पन्न मिति २०....../........../.........

## अनुसूची -२

### समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना

| |
|---|
| हाट बजारको लोगो |

अनुसूची -३

हाट बजारको लोगो

समितिले प्रयोग गर्ने लेटरहेडको नमूना

हाट बजार सञ्चालक समिति

.............................

नेपाल

(ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत)

प.सं. :

मिति:

च.नं. :

---

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा ... नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

अनुसूची -४

## समितिले प्रयोग गर्ने साईन वोर्डको नमूना

हाट बजार स्थल

..........................................................

| |
|---|
| हाट बजारको लोगो<br>सहितको साईन वोर्ड |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
पर्सा
प्रदेश, नेपाल
२०७४

लाल बहादुर
अध्यक्ष

अनुसूची - ५

भौतिक सम्पत्ति / सामग्री

श्री ........................................................ हाट बजार सञ्चालन समितिले प्रयोग गर्ने भौतिक सम्पत्ति / सामग्रीहरूको विवरण

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची - ६

### इजाजत दर्ता प्रमाण पत्रको लागि पेश गर्नु पर्ने निवेदनको ढाँचा

मितिः.................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ठोरी गाउँपालिका,
घ्याङ्गडाँडा, पर्सा ।

विषयः हाट बजार सञ्चालन इजाजत पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा ठोरी गाउँपालिका वडा नं. .............. मा हाट बजार सञ्चालन गर्न श्री .................................................हाट बजार सञ्चालक समितिद्वारा हाट बजार सञ्चालन गर्नको लागि आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न राखी इजाजत पत्र उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजातहरू

१. हाट बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरूः
   क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
   ख. सञ्चालक समितिको निर्णयको प्रतिलिपि
   ग. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्न भएको करार सम्झौताको प्रतिलिपि
३. संधियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
५. पूर्वाधारको स्वीकृत डिजाईन

निवेदककोः
नाम,थर :
हस्ताक्षर :
पद :
ठेगाना :
सम्पर्क नं. :
संस्थाको छापः



CamScanner

## अनुसूची - ७

## इजाजत पत्र नविकरणको लागि पेश गर्नु पर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः..................................

ठोरी गाउँपालिका,

घ्याङ्गडाँडा, पर्सा।

विषयः इजाजत दर्ताप्रमाणपत्र नविकरण सम्बन्धमा।

प्रस्तुत विषयमा ठोरी गाउँपालिका वडा ........................................................................ मा मिति सञ्चालन हाट बजार सञ्चालन गर्दै आएको हुँदा हाट बजार सञ्चालन निरन्तरताको लागि आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाण पत्र नविकरण गरि दिनु हुन अनुरोध गर्दछु/गर्दछौं।

संलग्न कागजातहरूः

१. सञ्चालन गर्ने व्यक्ति वा संस्थाको कागजातहरू

- क. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- ख. संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि
- ग. संस्थाको निर्णयको प्रतिलिपि
- घ. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि

निवेदकको:

नाम,थर :

हस्ताक्षर :

पद :

ठेगाना :

सम्पर्क नं. :


संस्थाको छाप



CamScanner

## अनुसूची - ८

### हाट बजारको भौतिक संरचना एवं विन्यास (Layout) को नमूना



हाटबजार सञ्चालन ईजाजत प्रमाण पत्रको ढाँचा (अगाडि)

# ठोरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### घ्याङ्गडाँडा,पर्सा

बजार दर्ता नं.:

जारी मिति :

श्री ..................................................

..................................................।

विषयः हाट बजार सञ्चालन इजाजत पत्र प्रदान गरिएको।

तपाई श्री ................................................ हाट बजार सञ्चालन समितिले ठोरी गाउँपालिका वडा नं. ................ मा सञ्चालन हुने ........................................... हाटबजार सञ्चालन गर्न इजाजत पत्र दर्ता/ नविकरणको लागि मिति ................................ मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार ठोरी गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजत पत्र प्रदान गरिएको छ।

आफ्नो कारोबारको मासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नु हुन र प्रत्येक १ वर्षमा अनिवार्य नविकरण गराउनु हुन समेत अनुरोध गरिन्छ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - १०

## हाटबजार सञ्चालन इजाजत प्रमाण-पत्रको ढाँचा (पछाडि)

### नविकरण सम्बन्धी विवरण

हाटबजारको नाम: ..........................................

ठेगाना: ..........................................................

सञ्चालक समितिको नाम: ................................

| नविकरण मिति: | म्याद पुग्ने मिति: | नविकरण शुल्क | रसिद नं. | नविकरण गर्नेको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>प्रमाणित गर्ने</u>

हस्ताक्षर:

नाम: लाल बहादुर श्रेष्ठ

पद: अध्यक्ष

पारित मिति: २०७९/०३/२९

प्रमाणित मिति: २०७९/०३/३०

प्रमाणित निर्देशिका पाना (पेज) संख्या २१ एक्काइस अनुसूची सहित